**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ**

**आदेश**

**रिट नं. संवत् २०६६- WO- ०४२७**

**विषय :- उत्प्रेषणयुक्त परमादेश ।**

तेह्रथुम जिल्ला खम्लालुङ-९ घर भै हाल मालपोत कार्यालय डिल्लीवजारमा
कार्यरत प्रमुख मालपोत अधिकृत प्रेमबहादुर खापुङ्ग-------------------------१ **निवेदक**

**विरुद्ध**

भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार काठमाडौं-----------------१ **विपक्षी**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) अन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ :-

निवेदक २०४०।७।२१ देखि निजामती सेवाको प्रशासन सेवाको शाखा अधिकृत पदमा सेवा प्रवेश गरी २०६५।१२।१ देखि मालपोत कार्यालय डिल्लीबजार काठमाडौंमा प्रमुख मालपोत अधिकृतको रुपमा कार्यरत छु । मालपोत कार्यालय डिल्लीवजारमा कार्यरत रहेकै अवस्था भूमि सुधार तथा व्यवस्था मन्त्रालयले दिएको पत्र अनुसार २०६६।१२।१३ देखि २०६७।३।२० सम्म मेरो पदाधिकार रहेको कार्यालयलाई आवश्यक नभएको आकडा जग्गाको विषयमा १९ वटा जिल्लामा खटाएको हुँदा तोकिएको काम पूरा गरी २०६७।३।२१ देखि पुनः मालपोत कार्यालय डिल्लीवजारमा कार्यरत छु ।

मिति २०६७।७।१६ को निर्णय अनुसार निवेदकलाई मन्त्रालयमा हाजिर हुन आउने भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयले पत्र दिएको र सो पत्रमा "तपाईलाई काठमाडौं महानगरपालिका वडा नं. १० वुद्धमार्ग स्थित कि.नं. २९ को क्षेत्रफल २-३-०-१ को नेपाल सरकारको नाउँमा रहेको जग्गा व्यक्ति विशेषका नाउँमा गैरकानूनी रुपमा दर्ता भएको हो, होईन

भन्ने सम्वन्धमा बुझ्नु पर्ने भएकोले केही दिनका लागि मन्त्रालयमा हाजिर गराउने भनी २०६७।७।१६ मा निर्णय भएको " भन्ने व्यहोरा उल्लेख भएको रहेछ । काठमाडौं महानगरपालिका वडा नं. १० वुद्धमार्ग स्थित कि.नं. २९ को क्षेत्रफल २-३-०-१ को जग्गा २०४४।७८ मा नापी गरी पुनः नापी हुँदा २०४४।८।११ मा कान्छी तण्डुकार, पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानीछोरी तण्डुकारका नाममा नापीकै समयमा दर्ता भएको हुँदा फिल्डवुकमा तथा मोठ श्रेस्तामा दर्ता भएको जग्गा हो । उक्त जग्गा २०५९।७।१३ मा मालपोत कार्यालय डिल्लीवजारबाट नेपाल सरकार U.N.Park का नाउँमा दर्ता भएको हुँदा सो विषयमा पूर्णबहादुर तण्डुकार समेतले दिएको निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) बमोजिम बदर गरी दुष्कृति सच्चाई सर्बोच्च अदालतको फैसला समेतबाट साविक कि.नं. १२७ बाट कायम भएको कि.नं. २९ कटाई निवेदक पूर्ण बहादुर खण्डुकार समेतका नाउँमा दर्ता गरी दिन मालपोत कार्यालय डिल्लीवजारलाई लेखि पठाउने निर्णय गरी निर्णय कार्यान्वयन गर्न २०६६।९।२१ मा लेखी आएकोले सोही निर्णय कार्यान्वयन गर्न २०६६।११।१३ मा निर्णय भएको हो । उक्त निर्णय विरुद्ध काठमाडौं जिल्ला अदालतमा फैसला बदर मुद्दा चली २०६७।७।१५ मा यस कार्यालयको तर्फबाट प्रतिउत्तर पत्र दर्ता भैसकेको र सर्बोच्च अदालतमा परेको रिट निवेदनमा लिखित जवाफ समेत पेश भैसकेको छ । उक्त जग्गा यस कार्यालयबाट २०६७।७।१० मा रोक्का समेत भएको छ । जग्गाको विषयमा मुद्दा परी विचाराधिन रहेको विषयमा केही कुरा बुझ्न भनी निवेदकलाई मन्त्रालयमा हाजिर हुन भनी वद्नियतपूर्ण ढंगले पत्र लेखिएको स्पष्ट देखिन्छ । २०६६।११।१३ मा भएको निर्णय फाईल राष्ट्रिय सर्तकता केन्द्रलाई २०६७।५।२० मा पठाएको छ ।

माथि उल्लेखित पृष्ठभूमिलाई हेर्दा निवेदकलाई हाजिर हुन आउनु भनी बोलाउनु भनेको दु:ख दिने र सेवा गर्ने अवसरलाई वन्चित गर्नु नै हो । यस्तो कार्य गर्न विपक्षी मन्त्रालयलाई कुनै ऐनले अधिकार दिएको छैन । मालपोत कार्यालयबाट भएको काम कारवाही प्रतिवेदन माग गरी वा सम्वन्धित फाईल झिकाई बुझ्न सक्ने कुरालाई वेवास्ता गरी पटक पटक काज खटाउने र मन्त्रालयमा हाजिर हुन बोलाउने कार्यले निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२) (च), १३(१), १८(१) द्वारा प्रदत्त मौलिक हक तथा निजामती सेवा ऐन, २०४९ को दफा १८ क तथा नियमावलीले प्रदान गरेको अधिकारमा आघात पुगेकोले विपक्षी भूमिसुधार मन्त्रालयको २०६७।७।१६ गतेको निर्णय र सो निर्णयको आधारमा हाजिर हुन आउने भनी निवेदकलाई दिएको

२०६७।७।१६ को पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकलाई दुःख हैरानी, लगायत सेवामा वाधा अड्चन नदिनु भन्ने परमादेशको आदेश समेत जारी गरी पाउँ । साथै विषयको गाम्भिर्यतालाई हेरी निवेदनको अन्तिम निर्णयसम्म उक्त २०६७।७।१६ को पत्र कार्यान्वयन नगर्नु , नगराउनु भनी विपक्षी भूमि सुधार तथा व्यवस्था मन्त्रालयको नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट रहनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री सिन्धुनाथ प्याकुरेल, विद्वान अधिवक्ताहरु श्री ओम प्रसाद थपलिया र श्री ख्यामनारायण सापकोटाले प्रमुख मालपोत अधिकृतको रुपमा कार्यरत निवेदकलाई कि.नं. २९ को जग्गाको दर्ताको विषयमा अख्तियार दुरुपयोग अनुन्धान आयोगको निर्देशन कार्यान्वयन सम्वन्धमा विना कानूनी आधार मन्त्रालयमा हाजिर हुन आउन वोलाईएको स्थिति हो । काठमाडौं महानगरपालिका वडा नं. १० वुद्धमार्गमा रहेको उक्त कि.नं. २९ को जग्गा २०५९।७।१३ को निर्णयले नेपाल सरकार UN Park को नाउँमा दर्ता रहेको र पूर्ण बहादुर तण्डुकार समेतका व्यक्तिहरुको निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुन्धान आयोगले साविक कि.नं. १२७ बाट हाल कायम भएको कि.नं. २९ कटाई वांकी जग्गा पूर्ण बहादुर तण्डुकार समेतका नाउँमा दर्ता गरी दिनु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्देशन दिए बमोजिम निवेदकले कार्यालय प्रमुखको हैसियतले दर्ता गर्ने निर्णय गरेको अवस्था हो । संवैधानिक निकायको रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय र पत्राचार बमोजिम निवेदकले गरेको कामको विषयमा मन्त्रालयमा हाजिर हुन आउनु भनी गरेको निर्णय र पत्राचार कानून बमोजिम भए गरेको छैन । २०६७।७।१६ मा गरिएको निर्णय के कुन कानूनी आधार टेकी के कुन दर्जाको व्यक्तिले गरेको भन्ने कुरा खुल्न आएको छैन । निवेदकलाई यस भन्दा अगाडि पनि एक आर्थिक वर्षमा ३ महिना काज खटाई पठाईएको र सोही आर्थिक वर्ष भित्र पुनः काज खटाउन निजामति सेवा ऐन, २०४९ को दफा १८ विपरित हुन्छ । निवेदकले कुन कानून विपरित काम गरेको हो भन्ने पनि कहीँ कतैबाट नदेखिएको अवस्था हुँदा विपक्षी भूमि सुधार तथा व्यवस्था मन्त्रालयको २०६७।७।१६ को निर्णय एवं सो को आधारमा गरिएको पत्राचार समेतले निवेदकको हक अधिकारमा आघात पुगेको हुँदा तत्काल विपक्षी मन्त्रालयका नाउँमा अन्तरिम आदेश जारी हुनुपर्छ भन्ने समेत व्यहोराको बहस गर्नु भयो ।

विद्वान कानून व्यवसायीहरुको उपर्युक्त बहस जिकीर सुनी रिट निवेदन पत्र सहितको मिसिल अध्ययन गरी हेर्दा निवेदन माग बमोजिम विपक्षी भूमि सुधार तथा व्यवस्था मन्त्रालयवाट लिखित जवाफ मगाउनु पर्ने वा नपर्ने के रहेछ ? प्रारम्भिक विषयमै निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा मूलतः काठमाडौं महानगरपालिका वडा नं. १० वुद्धमार्ग स्थित कि.नं. २९ को जग्गा मालपोत कार्यालय डिल्लीवजारको २०५९।७।१३ को निर्णयले नेपाल सरकार UN Park को नाउँमा दर्ता भएको र सो दर्ताको विषयमा पूर्ण बहादुर तण्डुकार समेतले दिएको निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) बमोजिम बदर गरी निवेदक पूर्ण बहादुर तण्डुकार समेतका नाउँमा साविक कि.नं. १२७ बाट हाल कायम कि.नं. २९ कटाई दर्ता गरी दिनु भनी २०६६।९।२१ मा लेखी पठाए बमोजिम दर्ता गर्ने गरी भएको २०६६।११।१३ को मालपोत कार्यालय डिल्लीवजारको निर्णयको विषयलाई आधार बनाई विपक्षी मन्त्रालयले निवेदकलाई मन्त्रालयमा हाीजर हुन आउनु भनी २०६७।७।१६ मा गरेको निर्णय एवं सो निर्णयको आधारमा निवेदकलाई दिएको पत्रले निवेदकको संवैधानिक एवं कानूनी हकमा समेत आघात पुगेकोले भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।७।१६ को निर्णय एवं पत्राचार लगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भन्ने भन्ने मुख्य रिट निवेदन जिकीर लिएको पाईयो ।

निवेदकले मूल रुपमा बदरको माग गरको मिसिल संलग्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।७।१६ को पत्रको प्रतिलिपि हेर्दा, काठमाडौं महानगरपालिका वडा नं. १० वुद्धमार्ग स्थित कि.नं. २९ को क्षेत्रफल २-३-०-१ को नेपाल सरकारको नाउँको जग्गा व्यक्ति विशेषका नाउँमा गैर कानूनी रुपमा दर्ता भएको हो होईन भन्ने सम्वन्धमा बुझ्नु पर्ने भएकोले केही दिनका लागि मन्त्रालयमा हाजिर गराउने भनी २०६७।७।१६ मा निर्णय भएको हुँदा यस मन्त्रालयमा हाजिर हुन आउने भन्ने व्यहोरा उल्लेख गरी निवेदकको नाउँमा पत्राचार भएको देखिन्छ ।

काठमाडौं महानगरपालिका वडा नं. १० स्थित उपर्युक्त कि.नं. २९ को जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएकोमा पूर्ण बहादुर तण्डुकार समेतका व्यक्तिको निवेदनको आधारमा उक्त जग्गा निजहरुको नाउँमा दर्ता गरी दिनु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आए बमोजिम आफूले प्रमुख मालपोत अधिकृतको हैसियतले सरकारका नाउँमा भएको दर्तालाई

पुनः पूर्ण बहादुर तण्डुकार समेतका नाउँमा २०६६।११।१३ मा दर्ता गर्ने निर्णय गरेको भनी निवेदकले निवेदन व्यहोरामा उल्लेख गरेको पाईन्छ । नेपाल सरकार तथा व्यक्ति विशेषका नाउँमा जग्गा दर्ता गर्ने, नेपाल सरकारको नाउँको जग्गा कोही व्यक्ति विशेषका नाउँमा दर्ता भएको पाईए सो जग्गाको दर्ता बदर गरी जग्गाको यथार्थ लगत अभिलेख अद्यावधिक राख्नु पर्ने जिम्मेवारी मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई सुम्पेको भन्नेमा विवाद देखिँदैन । प्रस्तुत निवेदनमा विवादमा उठाएको कि.नं. २९ को जग्गा मिति २०५९।७।१३ मा मालपोत कार्यालय डिल्लीवजारबाट नेपाल सरकार UN Park को नाउँमा दर्ता भैसकेको भन्ने स्वयं निवेदकले निवेदन व्यहोरामा उल्लेख गरेको विषयमा पुनः सोही जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएको भन्ने आधारले मात्र उक्त जग्गा दर्ता गर्ने निर्णय गरेको भन्ने देखिन्छ । यसप्रकार पहिले नै नेपाल सरकारका नाउँमा दर्ता भएको जग्गा के कुन आधारले सो दर्ता बदर गरी व्यक्ति विशेषका नाउँमा  दर्ता गर्न मिल्ने हो भन्ने सामान्य जानकारी प्रमुख मालपोत अधिकृतको जिम्मेवारी लिएका निवेदकलाई नहुने भन्ने स्थिति देखिंदैन । अर्कोतर्फ निवेदकले २०६६।११।१३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयनसम्म गरेको भनी आफ्नो वचाउको आधार लिए पनि आफ्नो तालुक अड्डा मालपोत विभाग एवं सम्वन्धित भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई सो जग्गा दर्ताको विषयमा पत्राचार गरेको भन्ने अवस्था पनि निवेदकले उल्लेख गरेको पाईएन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख. बमोजिमको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्देशन दिए बमोजिम मालपोत कार्यालयले उक्त जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गरेको भन्ने निवेदन जिकीर समेत लिएको देखिन्छ । उक्त ऐनको दफा १२ ख. ले दुष्परिणाम सच्याउन आदेश दिने सम्वन्धमा **" सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगले सम्वन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्नेछ । तर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णय उपर प्रचलित कानून बमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णय प्रभावित हुने गरी लेखी पठाउने छैन"** भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्था अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको

अनुचित कार्यबाट उत्पन्न भएको त्यस्तो दुष्परिणामलाई कानून बमोजिम सच्याउन लेखी पठाउन सक्ने आयोगको अधिकार रहेको स्पष्ट देखिएको अवस्था भएपनि नेपाल सरकारका नाउँमा दर्ता भईसकेको यस प्रकारको जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न निर्देशन दिने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नरहेको विषयमा प्रमुख मालपोत अधिकृतलाई जानकारी थिएन भनी अनुमान गर्ने अवस्था समेत हुँदैन ।

निवेदकको समग्र निवेदन व्यहोराबाट माथि उल्लिखित जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्ने गरेको निर्णयको विषयमा नेपाल सरकारका नाउँमा रहेको जग्गा व्यक्ति विशेषका नाउँमा गैरकानूनी रुपमा दर्ता भएको हो, होईन ? भन्ने सम्वन्धमा प्रमुख मालपोत अधिकृतको जिम्मेवारी लिएका निवेदकलाई केही दिनको निमित्त मन्त्रालयमा हाजिर गराउने भूमि सुधार मन्त्रालयको निर्णयले निवेदकको पेशा, रोजगार समेतका के कुन संवैधानिक हकमा के कुन प्रकारले आघात पुग्न गयो भन्ने विषयमा तथ्ययुक्त आधार लिई निवेदन दावी लिएको समेत पाईएन । "निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट सोही निकायको काममा मात्र अन्य स्थानमा काज खटाउन सकिनेछ । यसरी काज खटाउँदा एक वर्षमा तीन महिना भन्दा बढी अवधिको लागि काज खटाउन पाईने छैन" भन्ने निजामती सेवा ऐन, २०४९ को दफा १८ क. को सामान्य व्यवस्थाको आधारमा जे जस्तो सुकै अवस्था भएपनि मन्त्रालयले आफ्नो मातहत निकायको कर्मचारीलाई कार्यालय सम्वन्धी काम कारवाही उपर बुझ्ने सिलसिलामा आफ्नो मन्त्रालयमा केही दिन हाजिर गराउने विषयमा पत्राचार गर्न नमिल्ने भनी अर्थ गर्न समेत मिल्ने हुंदैन, यो कानूनी व्यवस्थाको मनसाय पनि होईन ।

नेपाल सरकारको नाउँमा दर्ता रहेको जग्गा कुनै व्यक्ति विशेषका नाउँमा गैरकानूनी दर्ता भएको हो, होईन भन्ने सम्वन्धमा निवेदकलाई केही दिनका निमित्त मन्त्रालयमा हाजिर गराउने भनी भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०६७।७।१६ मा भएको निर्णय र पत्र व्यवहारले निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पुगेको वा उक्त निर्णयमा प्रत्यक्ष कानूनी त्रुटी वा क्षेत्राधिकार सम्वन्धी त्रुटी रहेको भन्ने तथ्ययुक्त आधार देखाई निवेदन

दावी लिएको समेत पाईएन । प्रस्तुत निवेदनमा उठाईएको विषयवस्तुको सन्दर्भबाट समेत यस अदालतलाई संविधानद्वारा प्राप्त विशिष्ट प्रकारको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी कुनै आदेश जारी गर्नु पर्ने प्रकृतिको देखिन आएन । अतः प्रथम दृष्टि (Prima Faice) मै निवेदन दावी स्थापित हुन नसकी औचित्यहीन देखिँदा विपक्षी भूमि सुधार तथा व्यवस्था मन्त्रालयतर्फबाट लिखित जवाफ मगाई रहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ ।

प्रस्तुत निवेदनमा निवेदकले कार्यालय प्रमुखको हैसियतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २०६६।९।२१ को निर्णय कार्यान्वयन गरेको आधारमा आफूलाई भूमि सुधार मन्त्रालयमा हाजिर हुन पत्राचार गरेको भन्ने व्यहोराको सम्वन्धमा माथि नै विवेचना गरी निवेदन मागदावी खारेज भै सकेको छ । तथापि उक्त निर्णय गर्ने क्रममा विवादमा रहेको जग्गा नेपाल सरकार U.N.Park का नाउँमा २०५९।७।१३ मा दर्ता भएको भन्ने निवेदन व्यहोरा एवं मिसिल संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ८९३ मिति २०६६।९।२१ को पत्रको प्रतिलिपिबाट देखियो । मिसिल संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयको प्रतिलिपि हेर्दा, काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. २९ को क्षेत्रफल २-३-०-१ जग्गा, दर्ताको विषयमा कान्छी तण्डुकार समेतका व्यक्तिहरुले दिएको निवेदनको आधारमा उक्त जग्गा U.N.Park पार्क भित्र परे नपरेको सम्वन्धमा विवेचना गरी अदालतबाट भएको फैसला समेतको विश्लेषण गरी नेपाल सरकारका नाउँको दर्ता बदर गरी निवेदक व्यक्तिका नाउँमा दर्ता गरी दिनु भनी मालपोत कार्यालयलाई निर्देशन दिएको भन्ने देखिन्छ ।

यसै कि.नं. २९ को जग्गाको विषयमा पुनरावेदक प्रतिवादी कान्छी तण्डुकार, पूर्ण बहादुर तण्डुकार, दुर्गा बहादुर तण्डुकार, नानीछोरी तण्डुकार विरुद्ध वादी सिद्धिवज्र वज्राचार्यको मु.स. गर्ने रत्नमायां वज्राचार्य भएको सम्वत् २०५६ सालको दे.पु.नं. ३७४२ को निर्णय बदर हक कायम मुद्दामा २०४४।८।११ मा भएको ३ नं. नापी गोश्वराको निर्णय बदरको माग गरी दावी लिएकोमा वादी दावी नपुग्ने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसला मनासिव ठहऱ्याई २०५९।२।१७ मा सर्वोच्च अदालतबाट फैसला भएको देखिन्छ । सो फैसलामा वादी दावी पुग्न नसक्ने ठहर भएको भएपनि उक्त जग्गा प्रतिवादीको ठहर भएको भन्ने देखिँदैन ।

यसै विषय उपर कान्छी तण्डुकार, पूर्ण बहादुर तण्डुकार, दुर्गा बहादुर तण्डुकार, नानीछोरी तण्डुकार पुनरावेदक वादी भै सर्वोच्च अदालतको फैसला अनुसार जग्गाधनी प्रमाणपूर्जा पाऊँ भनी मालपोत कार्यालय, डिल्लीवजार र संयुक्त राष्ट्र संघ पार्क विकास समितिलाई प्रतिवादी बनाई दर्ता गरेको पुनरावेदन अदालत पाटनमा चलेको सम्वत् २०६२ सालको दे.पु.नं. ५७७३३२६ को निर्णय बदर हक कायम मुद्दामा विवादित जग्गा U.N.Park का नाउँमा दर्ता गर्ने गरेको मालपोत कार्यालयको २०५९।७।१३ को निर्णय बदर नभएसम्म फिराद दावीको जग्गाको हाल साविक श्रेस्ता अद्यावधिक गरी फैसला अनुसार पुनरावेदकहरुका नाउँमा हक कायम गर्न नमिल्ने भनी मालपोत कार्यालयको २०६१।११।१० को निर्णय सदर गरी २०६३।९।१८ मा फैसला भएको देखिन्छ । सो फैसला उपर पुनरावेदक वादी पूर्ण बहादुर तण्डुकार समेतले मुद्दा दोहोऱ्याई पाऊँ भनी दर्ता गरेको सम्वत् २०६४ सालको नि.नं. १६७३ को निर्णय बदर हक कायम मुद्दामा पुनरावेदन अदालतबाट उक्त मिति २०६३।९।१८ मा भएको फैसलामा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्न मिलेन भनी २०६५।९।१८ मा सर्वोच्च अदालतबाट अन्तिम आदेश भएको देखिन्छ । यसरी विवादको उक्त जग्गाको विषयमा मुद्दा चली तह तह निर्णय भै अन्तिम रहेको र कुनै पनि निर्णय फैसलाले उक्त जग्गामा पूर्ण बहादुर तण्डुकार समेतका व्यक्तिहरुको हक कायम भएको भन्ने देखिँदैन । वादीहरुले चुनौती दिएको ३ नं. नापी गोश्वाराको २०४४।८।११ को निर्णय तथा नेपाल सरकार U.N.Park का नाउँमा दर्ता गर्ने गरेको मालपोत कार्यालय डिल्लीवजारको २०५९।७।१३ को निर्णय कायमै रहेको देखिन्छ ।

सर्वोच्च अदालतको फैसलाले वादी सिद्धिवज्र वज्राचार्यको मु.स.गर्ने रत्नमायाँ वज्राचार्यको फिराद दावी पुग्न नसक्ने भन्नेसम्म ठहर गरेको विषयलाई बंग्याई वलपूर्वक अर्कै अर्थ लगाई उक्त मुद्दाका प्रतिवादी अर्थात आयोगमा निवेदन दिने व्यक्तिसमेतको हक कायम भएको भन्ने गलत अर्थ निकाली सो विषयमा भएका अन्य निर्णय फैसलाको तथ्य लोप गरी मालपोत कार्यालयले २०५९।७।१३ मा यु.एन.पार्कका नाममा जग्गा दर्ता गर्ने गरेको निर्णयलाई दुष्कृति सच्याउन पाउने अधिकारको आडमा बदर गरी जग्गा दर्ता सम्वन्धी निर्णय गर्ने अधिकार नभएको आयोगले उक्त निर्णय गरेको देखिन्छ । जग्गा दर्ता गर्ने सम्वन्धमा विशेष ऐनको रुपमा रहेको मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई अधिकार दिएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. को आधारमा हस्तक्षेप गरी यस अदालतसमेतबाट भएको अन्तिम फैसला र

आदेशबाट हक कायम हुन नसक्ने ठहर भएका व्यक्ति विशेषका नाउँमा दर्ता गरी दिनु भनी आदेश दिन मिल्दैन । संवैधानिक निकायको रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा प्राप्त अधिकारको सीमा बुझी आफैबाट अख्तियारको दुरुपयोग हुन नजानेतर्फ सचेत र संवेदनशील रहनु पर्छ । आफूलाई प्राप्त संवैधानिक र कानूनी अधिकारको सीमा के हो भन्ने वारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत राज्यका सवै निकाय सजग हुनैपर्छ । नेपाल सरकारका नाउँमा दर्ता भएको जग्गाको विषयमा कुनै विवाद उत्पन्न भए विवादको टुंगो लगाउने निकाय कानूनले नै तोकिदिएको कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई जानकारी नहुने तथा सो विषयमा जानकारी थिएन भनी अनुमान गर्न मिल्दैन । निवेदकहरुको हकभोगमा रहेको जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएको स्थिति भए सो दर्ता बदरको लागि प्रचलित कानून बमोजिम न्यायिक उपचारको मार्ग अवलम्वन गर्नु पर्ने हुन्छ । जग्गा दर्ताको सम्वन्धमा प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने साधिकार निकायले गरेको निर्णय उपर प्रचलित कानून बमोजिमकै न्यायिक उपचारबाट परीक्षण भई अन्तिम भैरहेको विषयमा अदालतको फैसला नै अन्यथा हुने जाने गरी आफूलाई अधिकार नभएको विषयमा पुनरावेदन सुने जस्तो गरी निर्णय फैसला जाँच्ने अधिकार कानूनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुम्पेको पनि देखिँदैन ।

यस प्रकार सर्बोच्च अदालतबाट मिति २०५९।२।१७ मा खिचोला नठहरी अन्तिम फैसला भएको जग्गा U.N.Park भित्र परेको भनी मालपोत कार्यालयले जग्गाधनी दर्ता प्रमाणपूर्जा नदिएको हुँदा U.N.Park को नाममा कायम भएको जग्गाधनी प्रमाणपूर्जा बदर गरी आफ्ना नाममा प्रमाणपूर्जा दिलाई पाऊँ भन्ने पूर्णबहादुर तण्डुकारको उजुरीको विषयमा आयोगले छलफल गरी साविकमा नेपाल सरकारको नाउँमा दर्ता कायम भएको जग्गालाई दुष्कृति सच्याउन सक्ने अधिकारको दुरुपयोग गरी अन्तिम रहेको फैसला कार्यान्वयन गरे जस्तो गरी अनधिकृत निर्णय गरेको भन्ने मिसिल संलग्न निर्णयको प्रतिलिपिबाट देखिन आएको छ । अदालतबाट त्यसप्रकारको ठहर फैसला भएको स्थिति भए त्यसको कार्यान्वयन पनि अदालतबाटै हुने हुन्छ । मुद्दाका सम्वन्धित पक्ष पनि फैसला कार्यान्वयनको लागि तोकिएको प्रकृया अनुसार अदालतमा प्रवेश गर्नु पर्ने हुन्छ ।

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र

तहकिकात गर्न वा गराउन सक्ने सवैंधानिक जिम्मेवारी निर्वाह गर्दा अत्यन्त सतर्क र सावाधानीपूर्वक गर्नुपर्ने भन्ने कुरामा विवाद हुन सक्दैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. ले दुष्परिणाम सच्याउन आदेश दिने सम्वन्धमा दिएको अधिकारको प्रयोग गरी यस्तो प्रकारको सरकारी जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न निर्देशन दिएको काम कारवाही संविधान र कानूनसम्मत नदेखिँदा यस अदालतको जानकारीमा आएको सार्वजनिक सम्पत्तिको विषयवस्तुको वारेमा यो छुट्टै न्यायिक टिप्पणी गरी दिएको छ ।

आयोगको मिति २०६६।९।१७ को निर्णयमा संलग्न तत्कालिन पदाधिकारीहरु श्री ललितबहादुर लिम्वु एवं श्री वेद प्रसाद सिवाकोटी रहेको भन्ने निर्णयको प्रतिलिपिबाट देखिन आएको हुँदा उक्त निर्णयमा संलग्न पदाधिकारीलाई कानून बमोजिम के कस्तो कारवाही हुनु पर्ने हो ? सो सम्वन्धमा तत्कालै आवश्यक छानविन गरी उचित कारवाही गर्नु भनी संविधानसभा (व्यवस्थापिका -संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११० बमोजिमको राज्य व्यवस्था समिति, व्यवस्थापिका संसद सचिवालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतका नाउँमा यो न्यायिक टिप्पणी गरी दिएको छ । यस विषयमा अदालतबाट भएका फैसला र आदेशको प्रतिलिपि सहित प्रस्तुत आदेशको जानकारी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका निकायहरुलाई पठाई सो कारवाहीको अनुगमनको लागि सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालय समेतलाई दिनू । दायरीको लगत कट्टा गरी मिसिल नियम बमोजिम वुझाई दिनू ।

प्रधान न्यायाधीश

ईति सम्वत २०६७ साल कार्तिक २९ गते रोज २ शुभम् -------------------

इजलास अधिकृतः- पुनाराम खनाल

कम्प्यूटर सेटिङ्गः- मुकुन्द विष्ट